सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश डा.श्री मनोजकुमार शर्मा

संक्षिप्त आदेश

०७६-WH-०३२९

मुद्दाः- बन्दीप्रत्यक्षीकरण समेत

परिवर्तित नाम ७१ धनगढी ६५ को हकमा अधिवक्ता अजय शंकर झा "रुपेश"------ निवेदक

विरुद्ध

कैलाली जिल्ला अदालत, कैलाली धनगढी-------------------------------------------- विपक्षी

यसमा निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरु श्री अजय शंकर झा "रुपेश", श्री बिमला यादव र श्री पंकजकुमार कर्ण तथा विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले गर्नुभएको बहससमेत सुनियो ।

बाल सुधार गृहमा रहेका परिवर्तित नाम ७१ धनगढी ६५ को हकमा निजको संरक्षक बुबा रामप्रसाद चौधरीले कारागारमा संक्रमण फैलिरहेको अवस्थामा बालबालिकालाई अदालतले खोजेका बखत उपस्थित गराउने गरी निवेदकको जिम्मा लगाई पाउँ भनी मिति २०७६।१२।१० मा निवेदन पेश गरेको देखिन्छ। परिवर्तित नाम ७१ धनगढी ६५ ले बाल यौन दुरुपयोग कसुरमा १ वर्ष ४ महिना कैद हुने गरी मिति २०७६।९।२४ मा कैलाली जिल्ला अदालतबाट फैसला भई सकेको हुँदा अभिभावकको जिम्मा दिई छोड्न मिल्ने देखिएन भनी मिति २०७६।१२।१३ मा कैलाली जिल्ला अदालतबाट आदेश भएको देखिन्छ। उक्त आदेश उपर पर्न आएको प्रस्तुत रिट निवेदनको सन्दर्भमा विचार गर्दा हाल कोरोना भाइरस (COVID 19) को महामारीको कारणले विषम परिस्थिति सिर्जना भई देश बन्दाबन्दी (Lockdown) को अवस्थामा रहेको छ। बन्दाबन्दीको उद्देश्य संक्रमणको जोखिमलाई न्यून गर्न प्रत्येक नागरिकको, समूहको तथा वृहत नेपाली र नेपालको हितको सुरक्षाको निमित्त शारिरीक सामाजिक दुरी राख्नु रहेको देखिन्छ। यस्तो महामारीको संक्रमणको जोखिमबाट सुधार गृहमा रहेको बालबालिकालाई पनि जोगाउनु पर्ने देखिन्छ।

नेपालको संविधानको धारा ३९(९) ले जोखिममा रहेको बालबालिकाको राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक प्रत्याभूत गर्नुपर्ने दायित्व दिइएको तथा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा १६(१) ले **बालबालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीहरुले काम कारवाही गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्ने** तथा ऐ. **दफा १६(२) मा जीवन जोखिममा भएका बालबालिकालाई तत्काल सहयोग गर्नु सबैको दायित्व हुनेछ** भनी कानूनी व्यवस्था रहेको देखिन्छ।

सुधार गृहमा रहेका बालबालिकाको पनि संविधानको धारा १६ द्वारा प्रदत्त जीवनको अधिकार तथा स्वास्थ्य संरक्षणको अधिकार राख्दछन् जसको संरक्षण गर्नुपर्ने दायित्व राज्यमा रहेको छ। सुधार गृहमा सामाजिक शारीरिक दुरी राखी सुरक्षित व्यवस्थापनको अवस्था नरहेको र बन्दाबन्दीको उद्देश्य अनुरुप सुरक्षित स्वास्थ्यको उपयोगिताको सुनिश्चितता हुन नसक्ने अवस्थामा कैलाली जिल्ला अदालत, धनगढीबाट भएको मिति २०७७।१।९ को निर्णय बालबालिकाको सर्वोत्तम हित संरक्षणको निमित्त सान्दर्भिक र न्यायोचित भएको नदेखिँदा बदर गरिदिइएको छ। यस्तो विषम परिस्थितिको परिवर्तित सन्दर्भमा जहाँ महामारीको कारणले व्यक्तिको वैकल्पिक उपचारको हक पनि अवरुद्ध भएको अवस्था रहेको हुँदा सुधार गृहमा बस्नुपर्ने जोखिममा रहेको बालबालिकाको सर्वोत्तम हित तथा समग्र बालबालिकाको स्वास्थ्य र जीवन संरक्षणको लागि परिवर्तित नाम ७१ धनगढी ६५ लाई खोजेको बखत उपस्थित गराउन मंजुर गरेमा आवश्यक प्रक्रिया पुऱ्याई अभिभावकको जिम्मा लगाउन सक्ने कानूनी व्यवस्था बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३६(५) अन्तर्गत रहे भएको देखिंदा यी निवेदकको सम्बन्धमा पुनः उपयुक्त निर्णय गर्नु भनी कैलाली जिल्ला अदालतको नाममा यो आदेश जारी गरिदिएको छ। प्रस्तुत रिट निवेदनको आदेशको पूर्णपाठ पछि तयार गरिनेछ।

न्यायाधीश

न्यायाधीश

इति सम्बत् २०७७ साल वैशाख महिना १४ गते रोज १ शुभम् ----------------------।